# रैनादेवी छहरा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## छहरा, पाल्पा

प.स.: २०७७/२०७८.
च.नं. :

५ नं. प्रदेश, नेपाल
Website:www.rainadevichhaharamun.gov.np
Email: rainadevichhaharamun@gmail.com
Phone no. 075691025,075692343


मिति : २०७७०५।२३

## शुभकामना-मन्तव्य

५४ औं अन्तर्राष्ट्रिय साक्षरता दिवसको उपलक्ष्यमा समस्त विद्यार्थी, शिक्षक, अभिभावक, शिक्षाप्रेमी तथा सरोकारवाला सम्पूर्णमा हार्दिक शुभकामना व्यक्त गर्दछौं । कोभिड - १९ को कारण हालको विशेष परिस्थितिमा औपचारीक शैक्षिक कार्यक्रमहरु सञ्चालन गर्न सम्भव नभएपनि आ-आफ्नो स्थानमै सुरक्षित रहेर प्रविधिमैत्री दिवस मनाउन आग्रह गर्दछौं । कोभिड - १९ को कारण हाम्रा विद्यार्थीहरु विद्यालयमा गई अध्ययन गर्न पाउने अधिकारवाट वञ्चित भएका छन् , शिक्षक मित्रहरु प्राय निष्कृय भई वस्नुपरेको छ भने शिक्षालयहरु सुनसान छन् । यस परिप्रेक्षमा घर परिवार पहिलो विद्यालय र माता पिता पहिला गूरु भन्ने हाम्रो शास्त्रीय मान्यताअनुरुप आफ्ना वच्चालाई आफ्ना असल संस्कार, परम्परा, रितीरिवाज र नैतिक मूल्य मान्यताका विषयमा साक्षत्कार गराउने सुन्दर समय यहि हो । यस्तै शिक्षलय र शिक्षकहरुको पनि आ-आफ्नो प्राविधिक क्षमता र दक्षता अनुसारको प्रविधिमैत्री शिक्षाका अभ्यासहरु गर्ने अवसर पनि हो । हरेक परिस्थितिका असल र खराव विषय अवस्य हुन्छन् । कोभिड -१९ ले पनि हामिलाई सफा रहने बानिको विकास,प्राकृतिक भोजन, स्वच्छ जीवनशैलि र शारिरीक सक्रियता जीवनमा आवश्यक रहेको भन्ने मान्यतालाई सत्य सावित गरीदिएको छ । हामि जुनजुन स्थानमा छौं स्वस्थ्य र सुरक्षित रहौं । स्वास्थ्य मापदण्ड अपनाउदै सम्भव भएसम्मका आ-आफ्ना जिम्मेवारी पुरा गरौं । यस विशेष अवसरमा शिक्षाका औपचारीक मात्र नभई अनौपचारीक तथा वैकल्पिक विधिको पहिचान र अभ्यास गर्ने बानिको विकास होस साथै परिस्थितिसंग जुध्नु र समायोजन हुन सिक्नु मानविय धर्म र कर्तव्य हो भन्ने वुझाई सहित ५४ औं अन्तराष्ट्रिय साक्षरता दिवसको सम्पूर्ण सरोकारवालाहरुमा हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

**गाउँ शिक्षा समिति**
**रैनादेवी छहरा गाउँपालिका, पाल्पा**